# भक्तपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

ब्यासी, भक्तपुर-२

## कर टोलीमार्फत पसल व्यवसाय दर्ता तथा नवीकरण गर्ने सम्बन्धमा भक्तपुर नगरपालिकाको अनुरोध

यस भक्तपुर नगर क्षेत्रभित्र सञ्चालित सबै किसिमका पसल, व्यवसाय, उद्योग, सेवा, पेशा आदि प्रचलित ऐन कानुनअनुसार नगरपालिकामा दर्ता हुनुपर्नेमा कतिपय दर्ता हुन बाँकी भएको तथा नियमित करको दायरामा नआएको सन्दर्भमा नगर पालिकाले करदाता नगरवासीहरुको सुविधाको लागि व्यवसाय स्थलमै दर्ता तथा कर सङ्कलनको लागि कर टोलीको व्यवस्था गरेको छ । उक्त टोली मिति २०७४/११/१५ गतेदेखि २०७४/११/२५ गतेसम्मको लागि भक्तपुर नगरपालिका वडा नं. १ क्षेत्रमा खटिने भएको व्यहोरा सम्बन्धित उद्योगी व्यवसायीहरुमा जानकारी गराइन्छ । दर्ता हुन बाँकी आ-आफ्नो पसल व्यवसाय, पेशा आदि कर टोलीमार्फत दर्ता गर्न तथा नियमित रुपमा करको दायरामा रही भक्तपुर नगरको सरसफाइ, सम्पदा संरक्षण तथा विकास निर्माणमा योगदान गर्न भक्तपुर नगरपालिका सम्पूर्ण नगरवासीहरुमा अनुरोध गर्दछ ।